# सरावल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सरावल, नवलपरासी बर्दघाट सुस्ता पश्चिम
## ५ नं. प्रदेश

पत्र सं.०७७/०७८
च.नं. ८४

मिति: २०७७।०४।०८

श्री सबै वडा कार्यालयहरु

**विषय: सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा उल्लेखित सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाको ७ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई तोकिएको ढाँचा निवेदन दिई २०७७ श्रावण मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनु हुन सुचित गरिन्छ। बालबालिका आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको संरक्षक व्यक्तिले निवेदन दिन सक्नेछ। तपसिल बमोजिम नविकरण गर्नु गराउनु आदेश अनुसार अनुरोध छ।

<u>तपसिल</u>

१. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक,निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारबाट नियमित रुपले निवृत्तभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७।०३।१७ (मा. मन्त्रीस्तरबाट निर्णय भएको जानकारी गराइन्छ।

२. असहाय एकल महिला भत्ता (सम्बन्ध बिच्छेद गरि अर्को विवाह नगरेका, विधवा, न्यायीक पृथ्कीकरण गरि बसेका) को हकमा (साठी वर्ष भन्दा कम उमेरका) नेपाल सरकारले न्यून आय तथा श्रम गर्न नसक्ने मापदण्ड तोक्न बाँकी रहेको हुँदा ऐन संसोधन प्रकृया अघि बढिसकेको जानकारी मिति २०७७।०४।०५ को(मा.मन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ।

३. अपाङ्गता भत्ता 'ख' बर्गको लागि ऐनमा कुनै व्यवस्था नगरेको।

२०७७/४/८

.............................

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत